# चौविसे गाउँपालिका
# गाउँ सभाको १७ औं अधिवेशन
# राजारानी, धनकुटा

## चौविसे गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम

१. यस गरिमामय गाउँ सभाका अध्यक्षज्यू, गाउँ सभा सदस्यज्यूहरु, राष्ट्र सेवक कर्मचारी मित्रहरु यस चौविसे गाउँपालिकाको गाउँ सभाको १७ औ अधिबेशनमा यस गाउँपालिकाको तर्फबाट र मेरो ब्यक्तिगत तर्फबाट यहाँहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु।

२. चौविसे गाउँपालिकाको सर्वाङ्गीण विकासका लागि यस सम्मानित गाउँ सभाको १७ औ अधिबेशनमा यस चौविसे गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई निकै भाग्यमानी एवम् गौरवान्वित भएको महसुस गरेको छु ।

३. सर्वप्रथम मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्नका खातिर विभिन्न चरणका आन्दोलनहरुमा शहादत भएका अमर सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

४. नेपालको इतिहासको विकास क्रममा धेरै प्रकारका शासन व्यवस्थाको अभ्यास, अनुभव र सिकाइबाट हालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान र त्यस मुताविकको राजनैतिक तथा प्रशासनिक व्यवस्था अनुरुप अघि बढ्ने क्रममा हामी स्थानीय तह चौविसे गाउँपालिकाको सुशासन, आर्थिक समृद्धि, न्यायपूर्ण समाज, लैङ्गिक समानता, समावेशीकरण, सन्तुलित र दिगो पूर्वाधार विकास सहित रचनात्मक सहयोग पुर्याउने आशा एवं विश्वासका साथ नयाँ नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**आदरणीय गाउँसभा अध्यक्षज्यू तथा सदस्यज्यूहरु ,**

अव म यस गाउँपालिकाको विद्यमान अवस्थाको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

### विद्यमान अवस्थाको समिक्षाः-

१. नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय सरकारको गठन भएको हुँदा कार्य सम्पादन प्रक्रियामा सहजता भएको छ।

२. जनप्रतिनिधिहरु निर्वाचित भएर आउँदा विकासले गति लिएको अनुभूति नागरिकले गर्न थालेका छन्।

३. विकासका दृष्टिकोणले अत्यन्त पछाडि रहेको यस चौविसे गाउँपालिकामा विकासका हरेक क्षेत्रका पुर्वाधारहरु निरन्तर बनिरहेका छन्।

४. योजना निर्माणमा स्थानीय आवश्यकता, राष्ट्रिय लक्ष्य र उद्देश्य अनुरुप प्राथमिकीकरण गर्ने प्रयास गरिएको छ ।

५. भौतिक पुर्वाधार निर्माण, सडक सञ्जालको स्तरोन्नति गर्ने कार्य भइरहेको छ ।

६. गुणस्तरीय शिक्षाको विकासमा निकै ठूलो प्रयास भएको छ।

७. सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा नागरिकलाई प्रदान गर्न सामुदायिक स्वास्थ्य इकाइ स्थापना तथा भवन निर्माण गरी सुलभ फार्मेसी सञ्चालन गरिएको छ ।

**आदरणीय सभाध्यक्ष महोदय**

अब म यस चौबिसे गाउँपालिकाको सम्भावना, अवसर तथा चुनौतिहरुलाई संक्षेपमा पेश गर्न चाहन्छु।

**संभावना तथा अवसरहरु :**

१. मनोरम प्राकृतिक स्थल, चिसो हावापानी एवं राम्रा तराई, हिमालका दृश्यावलोकन गर्न सकिने स्थानहरु, सिमसार क्षेत्र तथा तालहरु रहेका विश्वकै पर्यटन व्यवसायीहरुलाई आकर्षण गर्न सक्ने अवस्था रहेको ।

२. यहाँको भौगोलिक विविधताको पर्याप्त अवसर रहेका कारण स्थान विशेषमा कृषि र पशुपालनका क्षेत्रमा विविधीकरण गरी आफ्नो क्षेत्रलाई थेग्न सक्ने उत्पादन तथा उत्पादकत्वको क्षमता रहेको छ।

३. पालिकाको उत्तर तर्फ तमोर करिडोर तथा मध्य खण्डमा भेडेटार-राजारानी-६ नं बुधबारे-रबि-राके राष्ट्रिय राजमार्गको निर्माण भइरहेको अबस्था साथै मोरङ्ग जिल्लाको केराबारी-सिंहदेवी चौविसे गाउँपालिको सम्मेवा-अठारसय-त्रिवेणी हुँदै तेह्रथुम जोड्ने सडक निर्माण प्रारम्भ भएका कारण आगामी दिनमा अन्य आसपासका सडकहरुलाई यसै राष्ट्रिय राजमार्गमा जोडेर सबै पहुँचको सरल अवस्था सिर्जना गर्न सकिने र हालका स्थानीय बजारहरु व्यापारिक केन्द्रको रुपमा विकास हुन सक्ने भएकोले ग्रामीण सडक सञ्जालको पहुँच सहज हुने ।

४. दलित, माझी, आदिवासी जनजाती, अल्प संख्यक , ब्राह्मण, खस आर्यन समेतको सहिष्णुतायुक्त मिश्रित बसोबास भएका बस्तिहरु रहेका कारण भाषिक, सांस्कृतिक, मौलिक परम्परा, ज्ञान, सीपको उपयोग गरी यस क्षेत्रको विशेष परम्परा धार्मिक एवं सांस्कृतिक सम्पदाहरुको जगेर्ना गर्दै धार्मिक एवं सांस्कृतिक पर्यटनका माध्यमबाट विकासमा विविधिकरण ल्याउन सकिने।

५. आधारभुत, माध्यमिक विद्यालयहरू, होटल म्यानेजमेन्ट, विज्ञान, ईन्जिनीयरिङ र स्नातकसम्मका अध्ययनका लागि कलेज, निजी विद्यालयहरु समेत पर्याप्त रहेका कारण यी विद्यालयहरुको व्यवस्थापन गर्दै आगामी दिनमा कृषि, पशु सेवा, स्वास्थ्य सेवा जस्ता प्राविधिक शिक्षामा जोड दिँदै यस चौविसे गाउँपालिकालाई आवश्यक पर्ने व्यवसायिक दक्ष जनशक्ती उत्पादन गर्न सकिने र यस क्षेत्रलाई शैक्षिक केन्द्रको रुपमा विकास गर्न सकिने ।

६. सबै वडाहरुमा बसोबास गर्ने जनताहरुलाई प्रत्यक्ष लाभ पुर्याउन सक्ने गरी सरकारी स्वास्थ्य संस्थाहरु स्थापना भइसकेकोले ती स्वास्थ्य संस्थाहरुको क्षमता एवं गुणस्तरमा वृद्धि गर्न सकिने र यसै पालिकामा पालिकास्तरीय १० शैयाको सरकारी अस्पताल निर्माण शुरु भइरहेको हुँदा जनताका आधारभूत स्वास्थ्य सेवामा सरल पहुँचको अवस्था सिर्जना गर्न सकिने ।

**चुनौतीहरु :**

१. विकासको मेरुदण्डको रुपमा रहेको अर्थ व्यवस्था कमजोर हुनु ।

२. केन्द्रीय सरकारको आशा र भरोसामा स्थानीय तहको अर्थ व्यवस्था निर्भर रहनु ।

३. बस्तीहरु छरिएर रहनु, पर्यटकीय स्थलहरुलाई सामुदायिक वा सरकारी स्वामित्वमा ल्याउन कठिन हुनु।

**सभाध्यक्ष महोदय !**

उल्लेखित संभावना, अवसर तथा चुनौतिहरुलाई ध्यानमा राख्दै यस गाउँपालिकाको आ.व. २०८२/०८३ को प्रमुख नीति तथा कार्यक्रमहरु यस गरिमामय सभा समक्ष पेश गर्न अनुमति चाहन्छु।

**दीर्घकालीन सोच (Vision) :**

यस गाउँपालिका क्षेत्रमा रहेको जल जमिन, जंगल, कृषि, पशु, पर्यटन आदिको संभावनाहरुलाई दिगो विकासको अवधारणा तथा अनुकुलन सन्तुलनको सिद्धान्त समेतलाई आत्मसात गर्दै यी स्रोत साधनहरुको सदुपयोग मार्फत् गाउँपालिकालाई आत्म निर्भर बनाउन आन्तरिक श्रोतको पहिचान गरी आन्तरिक आयमा वृद्धि गर्दै उच्च जीवनस्तर सहितको समाजवाद उन्मुख समृद्ध गाउँपालिका निर्माण गर्ने यस गाउँपालिकाको दीर्घकालीन सोच हुनेछ ।

**दीर्घकालीन लक्ष्य (Mission)**

नेपालको संविधान अनुसार स्थानीयस्तरमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको अभ्यास गर्दै पारदर्शीता, उत्तरदायित्व एवं जवाफदेहिता, जनताको सहभागिता र विधिको शासनमा आधारित उच्च, गुणस्तरीय, समुन्नत समतामुलक समाजको स्थापना गर्नु, यस गाउँपालिकाको दीर्घकालीन लक्ष्य रहेको छ ।

**उद्देश्यहरु (Goals)**

१. भविष्यमा आउने महामारीजन्य रोग लगायत सबै प्रकारका स्वास्थ्य जोखिमबाट चौविसेका नागरिकलाई सुरक्षित राख्न र गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ बनाउन स्वास्थ्य सेवाको दायरा विस्तार गर्ने,
२. भौगोलिक विकटता, जनसंख्या, जीवनस्तर, पिछडिएका वर्गको अवस्था, समता र न्यायोचितताको आधारमा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बजेट विनियोजन गर्ने ।
३. चालु वर्षको बजेट मुख्यत शिक्षा, स्वास्थ्य, कृषि, सडक, पर्यटन, विकासलाई लक्षित गरी कार्यक्रम अगाडि बढाउने।
४. हरेक विकास निर्माणमा युवालाई व्यवसायिक कृषिमा प्रोत्साहित गर्ने,
५. सिघ्र विकासका लागि परिणाम प्राप्त हुने कार्यक्रमलाई प्राथमिकता दिइने,
६. सूचना प्रविधिको विस्तार, गुणस्तरीय र जीवनोपयोगी शिक्षा, आधारभुत खानेपानी लगायतका सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको विकास तथा निर्माण गर्ने,
७. स्थानीय स्रोत साधनको परिचालन तथा जनताको आर्थिक स्थिति सुधार गर्न कृषि तथा पशुपालनलाई प्राथमिकता दिई समतामूलक न्यायोचित वितरण प्रणालीको माध्यमबाट उच्च आर्थिक वृद्धिदर हासिल गर्दै गरिबी न्युनीकरण गर्ने ।
८. पछाडी परेका र पछि पारिएका वर्गको आर्थिक जीवनस्तर उठाई बसाईंसराई तथा प्रतिभा पलायनको अवस्थालाई न्युनीकरण गर्ने ।
९. लैङ्गिक हिंसा न्युनीकरण गर्दै सामाजिक न्याय कायम गर्ने तथा जेष्ठ नागरिक, वालवालिका संरक्षण तथा प्रवर्द्धन गर्ने।
१०. अबको ३ बर्ष भित्र यस पालिकालाई क्षयरोगमुक्त पालिका घोषणा गर्ने गरि कार्यक्रम संचालन गर्ने ।

**उपस्थित गाउँसभा अध्यक्षज्यू तथा सदस्यज्यूहरु ,**

अब म यस चौबिसे गाउँपालिकाको आगामी आगामि बर्षको प्रमुख नीतिहरु पेश गर्ने अनुमति चाहन्छु ।

**अर्थनीति :**

१. पालिकाबासी जनताको जीविकोपार्जनमा थप टेवा पुर्याउने हेतुले विशेष आयमूलक कार्यक्रम संचालन गरिनेछ ।
२. यस पालिकाबाट गरिने सार्वजनिक खर्चलाई पारदर्शी र मितब्ययी वनाइने छ ।
३. यस पालिकाको आन्तरिक आयलाई बृद्धि गर्न करका दायराहरुलाई व्यापक बनाउँदै प्रगतिशील कर नीति अवलम्बन गरिने छ ।
४. चौविसे गाउँपालिकाको आर्थिक समृद्धिका लागि निजी क्षेत्रको साझेदारी लगानी प्रोत्साहन, सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन गर्दै लैजाने नीति अवलम्बन गरिनेछ ।
५. बजार व्यवस्थापन तथा अनुगमन गरी राजस्वको बारेमा परामर्श गरिनेछ ।
६. नागरिकलाई भुमिकरको बक्यौता बाट बचाउन भुमिकर अभियान संचालन गरिनेछ ।
७. एकाघरबाट नागरिकले कुनै कामको प्रयोजनका लागि वडा वा गाउँपालिकाबाट सिफारिस लिनु पुर्व अनिवार्य भुमिकर/मालपोत तिरेको रसिद अनिवार्य देखाउनु पर्ने व्यवस्था मिलाइने छ ।

**सभाध्यक्ष महोदय**

## कृषि तथा पशु सेवा नीति

१. "हामी गर्छौं कृषि, कोहि जान्नौ देश विर्सी" भन्ने मुल नाराका साथ कार्यक्रम सञ्चालन गरिनेछ ।
२. "दुध र मासु भरपुर उत्पादन, समृद्ध चौविसे निर्माण" भन्ने मुल नाराका साथ कार्यक्रम सञ्चालन गरिनेछ।
३. स्थानिय क्षेत्रको भुगोल, जलवायु, जनशक्तिलाई मध्यनजर गर्दै पशुपन्छी विकाश सम्बन्धि योजना तर्जुमा गरिनेछ ।
४. पशु स्वास्थ्य/ब्यवस्थापन सम्बन्धि तालिम संचालन गरीनेछ।
५. पशुहरुमा लाग्ने रोगहरुको रोकथाम, उपचार र खोप कार्य प्रत्येक कृषकको पहुँचमा पुर्याइनेछ।
६. पशुजन्य उत्पादन दुध र मासु उत्पादन बृद्धि र गुणस्तर सुधार मा जोड दिइनेछ।
७. पशुजन्य उत्पादनको भण्डारण,प्रशोधन र बजारिकरणमा आवश्यक सहजिकरण गरीनेछ।
८. स्थानिय जातका पशुहरुको संरक्षण तथा नश्ल सुधार कार्यक्रम संचालन गरिनेछ ।
९. पशुपन्छिपालन ब्यवसायको दर्ता तथा नियमन गरीनेछ ।
१०. संघ/ प्रदेश सरकारद्धारा जारी गरिएका पशुपालन सम्बन्धि नीति,नियम तथा मापदण्डहरुको कार्यान्वयन गरीनेछ ।
११. स्थानिय समुदाय,सहकारी संस्था,समुह र निजी क्षेत्रसँग समन्वय गरि पशुपन्छीपालन कार्यक्रम संचालन गरिनेछ ।
१२. प्राविधिक तथा वितिय सहयोगका लागी संघ/प्रदेश सरकार सग सहकार्य गरिनेछ।

१३. कृषि र पशुपालनलाई विशेष युवा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।साथै मागमा आधारित नभई उत्पादनमा आधारित अनुदान रकम प्रदान गरिनेछ ।
१४. पकेट कार्यक्रमलाई निरन्तरता दिदैं क्षेत्र विस्तार गरिनेछ ।
१५. अत्याधुनिक ल्याव सेवा सहितको पशु अस्पताल संचालन गरिनेछ ।
१६. अर्गानिक खेतिका लागि प्रोत्साहन गर्ने कार्यक्रम ल्याइने छ।
१७. माछा तथा मौरी हुने स्थानको पहिचान गरी व्यवसायीकरण कार्य अगाडी बढाइनेछ ।
१८. माटो गुणस्तरको लागी शिविर सञ्चालन गरिनुका साथै माटो गुणस्तरको लागी गाउँपालिकाको प्रयोगशालामा परिक्षण गरिनेछ ।
१९. तेलहन बाली उत्पादनमा प्रोत्साहन गरिनेछ ।
२०. वेमौसमी खेतीलाई प्रोत्साहन गरिनेछ ।
२१. ५० प्रतिशत मुल्य अनुदानमा हिँउदे तथा वर्षे फलफुलको विरुवा/बीउ वितरण गरिने छ ।
२२. रैथाने बाली संरक्षण तथा प्रवर्द्धनलाई जोड दिइनेछ ।
२३. नगदे वालीमा विशेष जोड दिइनेछ ।
२४. कृषिमा आधुनिकिकरणको लागी कृषि सामाग्री यन्त्र ५० प्रतिशत मुल्य अनुदानमा वितरण गरिनेछ
२५. आकस्मिक बाली संरक्षण सेवा प्रदान गरिनेछ ।
२६. प्लाष्टिक टर्नेल वितरणमा जोड दिइनेछ ।
२७. प्रदेश सरकार र स्थानीय सरकारबाट प्रदान गरिने कृषि पशु अनुदानलाई प्रभावकारी अनुगमन गरिनेछ।
२८. एक वडा एक पकेट कार्यक्रममा जोड दिइनेछ ।
२९. प्राविधिक (कृषि,पशु प्राविधकलाई किसान सगँ नियमित भेटगाट कार्यक्रमलाई प्रोतसाइत गरिनेछ ।

**गाउँसभा अध्यक्षज्यू तथा सदस्यज्यूहरु ,**

**शिक्षा नीति**

१. **चौविसे गाउँपालिकाको इच्छा, सबैलाई गुणस्तरीय शिक्षा** " को नारा लाई कार्यान्वयन गरिनेछ।
२. विद्यार्थी शिक्षक अनुपातका आधारमा शिक्षक दरवन्दी मिलान तथा वितरण गरिनेछ ।
३. शैक्षिक गुणस्तर अभिवृद्धिका सञ्चालित केजी कक्षा तथा बालविकास कक्षालाई निरन्तरता दिइनेछ ।
४. विद्यार्थी संख्याका आधारमा कम शिक्षक दरबन्दी भएका विद्यालयहरुलाई प्रदान गरिएको स्वयम् सेवक शिक्षक कोटालाई निरन्तरता दिइनेछ ।
५. विद्यालयहरुको नियमित अनुगमन गरी पृष्ठपोषण प्रदान गरिनेछ साथै अनुभव तथा सिकाई आदान प्रदानका माध्यमबाट शैक्षिक गुणस्तर सुदृढीकरण गरिनेछ ।
६. सक्षमता र भौगोलिक क्षेत्रका आधारमा विद्यालयहरुको समुह निर्माण गरी सक्षम विद्यालयलाई नेतृत्व गर्ने अवसर प्रदान गरिनेछ ।
७. अभिभावकहरुलाई समेत विद्यार्थीहरुको सिकाइमा जिम्मेवार बनाउन गाउँपालिका र विद्यालय मार्फत अभिभावक सचेतनाको कार्यक्रम आयोजना गरिनेछ ।
८. अभिभावकहरु द्वारा विद्यालयको निरन्तर अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।
९. गाउँपालिकाको शिक्षा पार्श्व चित्रलाई अध्यावधिक गरी पुन प्रकाशन गरिनेछ ।

१०. प्रत्येक विद्यालयमा आवश्यक कक्षा कोठा, पुस्तकालय, विज्ञान प्रयोगशाला, ICT प्रयोगशाला , शौचालय, खेल मैदान, स्वच्छ पिउने पानी तथा आवश्यक अन्य शैक्षिक सामग्रीको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

११. विपन्न परीवारका विद्यार्थीहरुलाई निशुल्क उपचरात्मक कक्षा र शैक्षिक सामाग्री उपलब्ध गराइनेछ ।

१२. कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्राहरुका लागि निशुल्क सेनिटरी प्याड उपलब्ध गराइनेछ।

१३. विद्यार्थीहरुलाई विद्यालयमा सिकाई क्रियाकलापमा उत्प्रेरित गर्न शिशु कक्षा देखि कक्षा ५ सम्मका छात्रछात्राहरुका लागि दिवा खाजा कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

१४. विद्यालयहरुलाई अभिभावक र विद्यार्थी प्रति जवाफदेही बनाउनका लागि विद्यार्थी र अभिभावकसँग गाउँपालिका अध्यक्ष कार्यक्रमलाई निरन्तरता प्रदान गरिएको छ ।

१५. जनप्रतिनिधि र कर्मचारी द्वारा विद्यालयको नियमित अनुगमन गर्ने व्यवस्था गरिने छ ।

१६. सिकाइ प्रति शिक्षक र विद्यार्थीहरुलाई उत्प्रेरित गर्न विज्ञ प्रशिक्षक द्वारा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

१७. विद्यालयहरुलाई प्रदान गरिएका कम्प्युटर, प्रिन्टर, युपियस लगायतका आवश्यक सामग्रीहरुको मर्मत सम्भार गरिनेछ ।

१८. विभिन्न मात्रृभाषा अध्यापन गराउने विद्यालयहरुलाई दिइदै आएको प्रोत्साहन अनुदानलाई निरन्तरता दिइने छ ।

१९. विद्यालय बाहिर रहेका बालवालिकाहरुलाई विद्यालयसम्म झिकाउन, सिकाउन, टिकाउन र विकाउन आवश्यक कार्यक्रम तय गरिनेछ ।

२०. विद्यार्थीहरुलाई व्यवसायिक र प्राविधिक शिक्षा तर्फ आकर्षित गर्न श्री पुण्य मा.वि. मा कक्षा ११ र १२ मा विज्ञान र होटल व्यवस्थापन अध्ययन गर्ने विद्यार्थीहरुलाई दिइदै आएको छात्रवृत्तिलाई निरन्तरता दिइनेछ ।

२१. श्री शारदा मा.वि. मा कक्षा ९ बाट प्राविधिक शिक्षा धार तर्फ सिभिल इन्जिनियरिङ विषय र श्री भानु मा.वि. डाडाँवजारमा कक्षा ९ बाट प्राविधिक शिक्षा धार तर्फ इलेक्ट्रिकल इन्जिनियरिङ विषय अध्ययन गर्ने प्रत्येक वडाका १ जना विद्यार्थीहरुका लागि प्रदान गरिने छात्रवृतिलाई निरन्तरता दिइनेछ ।

२२. उच्च शिक्षामा विद्यार्थीहरुको पहुँच सुनिश्चित गर्न श्री बुधुक क्याम्पसमा स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीहरुलाई दिइएको निशुल्क छात्रवृत्तिलाई बैज्ञानिक ढंगवाट वितरण गर्ने ब्ववस्था मिलाइनेछ।

२३. प्राविधिक तथा रोजगारमूलक शिक्षामा विद्यार्थीको पहुँच विस्तार गर्न सिटिइभिटीको ३ बर्षे तथा १८ महिने कृषी तथा पशु प्राविधिक अध्ययन गर्ने विद्यार्थीलाई दिइदै आएको निशुल्क छात्रवृत्ति लाई निरन्तरता दिदै H.A./ANM/ LAB/ Farmacy जस्ता विषय अध्ययन गर्ने लाई समेत छात्रवृत्ति प्रदान गरिनेछ ।

२४. विद्यालयको आय, व्यय तथा अन्य कार्यक्रमहरु चुस्त दुरुस्त र पारदर्शी बनाउन आवश्यक कार्य सञ्चालन गरिनेछ ।

२५. विद्यालयमा प्रदान गरिने अनुदानलाई नतिजामुखी बनाउनका लागि कार्यसम्पादनमा आधारित अनुदानमा जोड दिइनेछ ।

२६. विद्यालयको शैक्षिक उपलब्धीका लागि प्र अ. लाई तथा विषयगत सिकाई उपलब्धीका लागि सम्बन्धित विषयका शिक्षकलाई जवाफदेही बनाइनेछ ।।

२७. विद्यार्थीहरुको सिकाई उपलब्धी अभिवृद्धि गर्न विद्यालयलाई विद्यार्थीको रुचि र आवश्यकताका आधारमा उपचारात्मक शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गरिनेछ ।

२८. आफुले अध्यापन गरेको विषयमा विद्यार्थीले हासिल गरेको नतिजाका आधारमा शिक्षकलाई प्रोत्सासनको व्यवस्था गरिनेछ ।

२९. शिक्षकहरुलाई पेशागत सहयोग गर्नका लागि आवश्यक संयन्त्रको विकास गरी विद्यालयको सुपरीवेक्षणलाई समेत व्यवहारिक ढंगले कार्यान्वयन गरिनेछ ।

३०. गाउँपालिका स्तरीय कक्षा ८ , ५, एस. इ.इ. र कक्षा १२ को परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीहरुलाई पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३१. आधारभूत तह अन्तर्गत कक्षा ५ र ८ को परिक्षालाई अझ व्यवस्थित र स्तरीय बनाउदै लगिनेछ ।

३२. विद्यालय अनुगमनलाई प्रभावकारी बनाउन अभिभावक शिक्षक समिति विद्यालय व्यवस्थापन समिति एंव जनप्रतिनिधिहरुलाई उत्तरदायी बनाइनेछ ।

३३. प्रारम्भिक कक्षाहरुका लागि न्युनतम सिकाइ मापदण्ड निर्धारण गरी कार्यान्वयनमा लगिनेछ ।

३४. विद्यालयका भौतिक विवरण , शिक्षक विवरण तथा विद्यार्थीका सम्पुर्ण विवरणहरुलाई एकिकृत शैक्षिक सूचना प्रणालीमा आवद्ध गरिनेछ ।

३५. कम्प्युटर सञ्चालन सम्बन्धी तथा इमिस सम्बन्धी सिप नभएका प्रधानाध्यापक तथा शिक्षकहरुका लागि क्षमता विकास तालिम प्रदान गरिनेछ ।

३६. आवश्यकताका आधारमा माध्यमिक तह तथा आधारभूत तहका शिक्षकहरुलाई पुनर्ताजकी तालिम प्रदान गरिनेछ ।

३७. प्रारम्भिक बाल विकास र केजी कक्षाका सहयोगी कार्यकर्ताहरुका लागि मागमा आधारित क्षमता विकास तालिम प्रदान गरिनेछ ।

३८. विद्यालयका प्र.अ., वि.व्य.स. अध्यक्ष र शि.अ. संघका पदाधिकारीहरु, शिक्षक तथा शिक्षा सम्वन्धी सरोकारवालाका विचमा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

३९. विभिन्न विधाका प्रतिभा पहिचान हुने किसिमका प्रतियोगितात्मक सहकार्यकलाप सञ्चालन गरी विद्यार्थीरुलाइ पुरस्कृत गरिनेछ ।

४०. सामुदायिक अध्ययन केन्द्रहरुलाई सबलीकरण गरी निरन्तर शिक्षालाई प्रोत्साहन गरिनेछ ।

४१. विद्यलयका शैक्षिक गतिविधि तथा क्रियाकलापमा एकरुपता कायमगरी व्यवस्थित गर्न गाउँपालिका स्तरीय वार्षिक शैक्षिक पात्रो तयार गरी कार्यान्वयन गरिनेछ ।

४२. शिक्षाको गुणस्तर विकासमा बालबालिकाहरुको र शिक्षकहरुको सकारात्मक सोचको विकास गर्न माध्यमिक तहका शिक्षक तथा विद्यार्थीहरुलाई मानसिक स्वास्थ्य सम्बन्धी परामर्श सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।

४३. स्थानीय भाषा, सस्कृति, पेसा व्यवसाय, भुगोल, ऐतिहासिक, धार्मिक तथा पर्यटकीय क्षेत्र समावेश गरी आधारभूत तहको स्थानीय पाठ्यक्रम निर्माण गरिनेछ ।

**सभाध्यक्ष महोदय ,**

**युवा तथा खेलकुद नीति**

१. खेलको माध्यमबाट नै युवाहरुमा आत्मानुशासन, सकारात्मक प्रतिस्पर्धा र समालोचनात्मक चिन्तनको विकास गरिनेछ ।

२. स्थानीय स्तरमा रहेका विभिन्न विधाका उत्कृष्ट खेलाडिको पहिचान गरी अझ हौसला बढाउन पुरस्कृत गरिनेछ ।

३. चौविसे कप प्रतियोगितामा फुटवलका साथै भलिवल र व्याटमिन्टन खेललाई समेत समावेश गरिनेछ ।

४. चौविसे कप फुटवल प्रतियोगितावाट उत्कष्ट खेलाडी छनौट गरी दक्ष प्रशिक्षकद्वारा प्रशिक्षण दिने व्यवस्था मिलाइनेछ ।

५. प्रत्येक वडामा एउटा मात्र खेल मैदानका लागि प्राथमिकतामा राखी खेल मैदानको स्तरोन्नती गरिनेछ ।

६. जुन वडामा जुन खेलका सम्भावना छ त्यहाँ सोही खेललाई प्राथमिकता दिइनेछ ।

७. खेल खेलाउने क्लवहरुको क्षमता र सक्षमता र कार्य अनुभवका आधारमा बर्गीकरण गरी सो का आधारमा अनुदान/ सहयोग प्रदान गरिनेछ ।

८. साना स्तरका(टोल स्तरका) खेल खेलाउने समुह/ क्लवका लागि नगद सहयोगको सट्टा आवश्यक खेल सामग्री खरिद गरि वितरण गरिनेछ ।

९. खेलकुद क्षेत्रमा दक्ष खेलाडी तयार गर्न खेलकुद एकेडेमी स्थापनाका लागि आवश्यक पुर्वाधार र तयारीको कार्य अघी वढाइनेछ ।

१०. वडा स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गर्दा वडाहरुवीच समन्वय गरी निश्चित मापदण्ड र योजना तयार गरी एकरुपता कायम गरिनेछ ।

११. पुर्व खेलाडीहरुको सहयोगमा खेलाडीहरुलाई तालिम दिने व्यवस्था मिलाइनेछ ।

१२. अन्तरपालिका स्तरीय प्रतियोगितामा सहभागी हुन जाने खेलाडीहरुका लागि आवश्यक आर्थिक सहयोग गरिनेछ ।

१३. जिल्ला स्तरीय प्रतियोगिता खेल खेलेका विजेता खेलाडीहरुको अभिलेख राख्ने साथै त्यास्ता खेलाडीहरुलाई गाउँपालिकावाट सम्मान गरिनेछ ।

१४. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता तयारीका लागि पुर्व विद्यार्थी तथा प्रशिक्षक द्वारा तालिमको व्यवस्था गरिनेछ ।

१५. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता तयारीका लागि आवश्यक खेलकुद सामाग्री व्यस्थापन गरी विद्यालयलाई वितरण गरिनेछ ।

१६. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा जुन जुन विधामा खेलाडीहरुले उत्कृष्ट प्रदर्शनी गरेका छन सोही विधामा मात्र सहभागीता गराइनेछ ।

१७. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा उस्सु खेलमा समेत विद्यालयको सहभागीताका लागि आवश्यक तयारी गर्न विद्यालयलाई प्रेरित गरिनेछ

१८. माध्यमिक विद्यालयहरुमा स्काउट स्थापना गरी स्काउट ब्यवस्थापन गर्न आवश्यक कार्य सञ्चालन गरिनेछ।

**स्वास्थ्य नीति**

१. चौबिसे गाउँपालिकाका जनप्रतिनिधिहरुसँग ज्येष्ठ नागरिक, दीर्घरोगीहरु सँगै नसर्ने किसिमका तथा स्त्रीरोग भएकाहरुको स्वास्थ्य परिक्षण तथा परामर्श कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

२. चौबिसे गाउँपालिकासँग गर्भवती पोषण तथा परामर्श कार्यक्रमलाई १२ वटै स्वास्थ्य स्वास्थ्य संस्थाबाट संचालन भईरहेकोमा यसलाई निरन्तरता दिईनेछ ।

३. आमालाई खाना र शिशुलाई नाना कार्यक्रम मार्फत स्वास्थ्य संस्थामा प्रसुति भएका सुत्केरी आमाहरुको उत्तर प्रसुति अवस्थामा हुने आमा र शिशुको स्वास्थ्य सुरक्षा तथा पोषण अवस्थाको अभिबृद्दी गर्ने कार्यक्रमबाट वितरण गरिने सामाग्रीहरु स्थानिय रुपमा उत्पादित कृषि तथा अन्य लाई प्रोत्साहन हुने गरि निरन्तरता दिइनेछ।

४. स्वास्थ्य वीमा कार्यक्रमलाई जनमूखी बनाउन अन्यन्त गरिब तथा बिपन्न नागरिकहरुको पहिचान वा छनौट गरी निःशुल्क, २५ प्रतिशत शुल्क छुट तथा ५० प्रतिशत शुल्क छुटको दरमा गरिंदै आएको स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५. चौविसे गाउँपालिका मातहतमा संचालित एम्बुलेन्स सेवामा दिइँदै आएको छुट प्याकेजको बिशेष क्षेत्र निर्धारण गरि अझ न्यायोचित बनाई निरन्तरता दिइनेछ ।

६. शुलभ फार्मेसी सेवा मार्फत स्वास्थ्य संस्थाहरुबाट नियमित बिरामी/सेवाग्राहीहरुको लागी १० प्रतिशत छुटमा औषधिको उपलब्धताका साथै शुलभ फार्मेशी संचालनको आर्थीक कारोवारलाई समेत थप सदृढ र पारदर्शि बनाउदै लगीएकोमा सो कार्यक्रमलाई निरन्तरता दिईनेछ।

७. हाल संचालनमा रहेका बर्थिङ सेन्टरहरुको सेवालाई प्रभावकारी र दिगो बनाउन आवश्यक औजार/उपकरणको व्यवस्था तथा दक्ष जनशक्ती तयारीको लागी आवस्यक तालिमको सुनिश्चितता गरिनेछ।

८. स्वास्थ्य संस्थाहरुबाट दिईने सेवालाई गुणस्तरीय, प्रभावकारी र सर्वसुलभ बनाउनको लागी न्यूनतम सेवा मापदण्ड MSS को मार्गदशर्न अनुसार बनेको कार्ययोजना अनुसार स्वास्थ्य समितिबाट आएको निर्णय सिफारिस बमोजिम प्राथमिकता निर्धारण गरि औजार तथा उपकरण/सामाग्रि र स्वास्थ्य पूर्वाधारको व्यवस्था मिलाईनेछ ।

९. हाल संचालनमा रहेका स्वास्थ्य प्रयोगशाला/ल्यावहरुका लागि केमिकल्स/रिएजेण्ट्स सँगै औजार/उपकरणहरको माग बमोजिम आवश्यकता प्राथमिकता निर्धारण गरि निरन्तरता र स्तरबृद्दिका साथै ल्याव सेवा प्रदायकहरुको क्षमता अभिबृद्दिका कार्यक्रम बाट सेवाको गुणस्तर अभिबृद्दि गरिनेछ ।

१०. रेफर भएका प्रसुतिहरुलाई सेवा दिएवापत सेवाप्रदायक नर्सहरुलाई दिईंदै आएको प्रोत्साहन रकमलाई निरन्तरता दिईनेछ।

११. संस्थागत सुत्केरीहरुको संख्यामा बृद्धि तथा घरमा शुन्य प्रसुति (Free Home Delivery) कार्यक्रमलाई सफल पार्न महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रम मार्फत आमा समुहलाई प्रभावकारि रुपमा परिचालन गरिनेछ ।

१२. पूर्णखोप शुनिश्चित तथा दीगोपना सम्बन्धि वडा तथा गाउँपालिका अभियानलाई निरन्तरता दिइनेछ ।

१३. नियमित खोप तथा गाउँघर क्लिनिक कार्यक्रमलाई प्रभावकारी रुपमा सचालन गर्नका लागि खोप र गाउँघर क्लिनिकमा खटिने स्वास्थ्यकर्मीहरुलाई दिइदै आएको यातायात खर्चलाई निरन्तरता दिइनेछ।

१४. जन्मजात अपाङ्गता रोकथामका साथै नवजात शिशुहरुमा हुनसक्ने अपाङ्गताको जाँच गरी परामर्श सँगै उपचारका लागि प्रेषण सेवालाई निरन्तरता दिईनेछ ।

१५. नवदम्पती र गर्भवतीलाई सन्देशमूलक सूचनामा आधारित शुभकामना कार्डलाई वडा कार्यालय, म.स्वा.स्व.से.हरु तथा स्वास्थ्य संस्थाहरु सँगै घरैमा समेत बितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१६. गर्भवती महिलाको गर्भमा रहेको शिशुको अवस्था पत्ता लगाउन !@ वटै स्वास्थ्य संस्थाहरुमा घुम्ति सेवाको रुपमा ग्रमीण अल्ट्रासाउण्ड (भिडियो एक्स–/]) सेवालाई निरन्तरता दिईनेछ ।

१७. असुरक्षित गर्भपतनका कारण हुनसक्ने जोखिमलाई कम गर्न सुरक्षीत गर्भपतन सेवाको बिस्तारको कार्यलाई जोड दिंदै सो सेवालाई नियमितताको लागि प्रभावकारी कार्यक्रम संचालन गरिनेछ ।

१८. नेपाल नेत्रज्योती सँघ अन्तर्गतका आँखा अस्पतालहरु सँग समन्वय गरी चौबिसेका सम्पुर्ण आँखाको समस्या भएका विरामीहरुको निःशुल्क रुपमा आँखा परिक्षण तथा उपचार शिविर संचालन गरिनेछ ।

१९. चौबिसे-६ राजारानीमा निर्माणधिन १० बेडको आधारभूत अस्पताल निर्माण गर्ने कार्य चाडो भन्दा चाडो सम्पन्न गराउन सम्बन्धित निकाय/पक्षसँग प्रभावकारी समन्वय गरिनेछ ।

२०. गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरूमा दिईंदै आएको नियमित इन्टरनेट सुविधालाई प्रभावकारी बनाउँदै निरन्तरता दिईनेछ।

२१. चौबिसेका सबै स्वास्थ्य संस्थाहरुमा सेवाग्राही तथा स्वास्थ्यकर्मीहरुका लागि शुद्द पिउनेपानीको उचित व्यवस्थापन गरिने छ ।

२२. बिभिन्न परोपकारी/सहयोगी निकायहरु सँगको समन्वयमा चौबिसे गाउँकार्यपालिकामा वर्षमा एक पटक बिषेश रक्तदान कार्यक्रम संचालन गरिनेछ ।

२३. स्वास्थ्य संस्थाहरुमा बाह्रै महिना नेपाल सरकारले निर्धारण गरे बमोजिमका निःशुल्क औषधिहरुका साथै **हाल चौबिसे गाउँपालिका अन्तर्गत संचालित आयुर्वेदिक स्वास्थ्य सेवा केन्द्रका -लागि समेत आयुर्वेदिक औषधिहरुको निरन्तर** आपूर्ति गरि बितरण प्रणाली लाई अझ सुदृढ गरिनेछ ।

२४. पोषण प्रवर्दनको लागी नेपाल सरकारबाट प्राप्त कार्यक्रमलाई थप प्रभावकारी बनाउन गाउँपालिकाका विधिध स्वास्थ्य कार्यक्रमहरु मार्फत समुदाय स्तरमा खाध्य सुरक्षा र उपभोग सम्बन्धि सकारात्मक व्यावहार परिवर्तनको अभियानलाई जोड दिईनेछ ।

२५. प्रयोगशाला/ल्याव तथा प्रशुती सेवा संचालित स्वास्थ्य संस्थाहरुमा आवस्यकताका आधारमा विधुत व्याकअप **द्वारा प्राप्त विधुत प्रणालिको उपयोगको प्राथमिकता सहित थप व्यवस्थित** गरिनेछ ।

२६. हामि बाँच्नको लागि वातावरणलाई पनि बचाऔं , दिनको १/२ (आधा) घण्टा समय सरसफाई र फोहोरमैला व्यवस्थापनमा लगाऔं" भन्ने नाराका साथ सवै वडाहरुका रहेका टोल बिकास संस्थाहरु साथै वजार व्यवस्थापन समितिहरुले अगुवाई गर्नेगरि प्लाष्टिक/रवर जन्य फोहोरहरुलाई नजलाउने तथा प्लाष्टिक/रवर , शिशा र कुहिने किसिमका फोहोरहरुलाई छुट्टा छुट्टै संकलन तथा विशर्जन गर्ने वा यथासक्य पुनःप्रयोग गर्ने अभ्यासलाई प्रवर्दन हुने गरि वडाहरुको अनुकुलतामा हप्ताको १ दिन विशेष सरसफाई अभियानको संचालन गर्ने ।

२७. मृगौला प्रत्यारोपण डायलोसिस गर्ने, क्यान्सर, मेरुदण्ड, पक्षगात भएका दीर्घरोगिहरुका लागि गाउँपालिका भित्रका सबै स्वास्थ्य केन्द्रमा निःशुल्क सेवा दिईनेछ साथै वहाँहरुको अभिलेख नविकरणमा भएको झन्झटिलो प्रक्रियालाई सहज बनाउने निति अवलम्व गरिनेछ ।

२८. विगत ४ आ.व. देखि निरन्तर संचालित क्षयरोगमुक्त चौबिसे गाउँपालिका/वडा अभियानलाई निरन्तरता दिइनेछ ।

२९. उत्कृष्ट कार्यसम्पादन गर्ने १/१ जना स्थायि तथा करार/अस्थायि पदका पारामेडिक्स,नर्सिङ,ल्याव सेवा तथा सहयोगी कर्मचारीहरुलाई पुरस्कृत गरिनेछ ।

३०. राष्ट्रिय सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका दिवस मनाउने सँगै सोहि दिन उत्कृष्ट कार्यसम्पादन गर्ने वडागत रुपमा १/१ जनालाई पुरस्कृत गर्दै सेवा निवृत्त स्वयंसेवकहरुलाई सम्मानजनक विदाईको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३१. चौबिसे गाउँपालिकाकाको २ स्थानमा विशेषज्ञ स्तरको वृहत स्वास्थ्य शिविर संचालन गरिनेछ।

३२. चौबिसे गाउँपालिका ७ वटै स्वास्थ्य चौकीहरुमा नसड्ने किसिमका फोहोरमैलाको व्यवस्थापनको लागी व्यवस्थित पूर्वाधारको निर्माण गरिने तथा यसलाई बाँकी स्वास्थ्य संस्थाहरुमा विस्तार गर्दै लगिनेछ ।

३३. यस गाउँपालिकाभत्रका पुरना संरचना भएका स्वास्थ्य चौकी भवन, चर्पी खानेपानीहरुको मर्मत सम्भार गरिनेछ ।

**रोजगार सेवा केन्द्र सम्वन्धी नीति**

१. रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगार प्रदान गर्न संघीय सरकार बाट प्राप्त रोजगारी सिर्जनामा प्राप्त बजेटमा सबै वडाबाट बजेट साझेदारी गरि कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

२. रोजगार सेवा केन्द्रको संचालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ।

३. वैदेशिक रोजगारीलाई थप परिणामुखी बनाउन सामी (SaMi) सँग बजेट साझेदारी गर्दै वैदेशिक रोजागारीलाई थप व्यवस्थित गरिनेछ।

४. वैदेशिक रोजगारीमा गइ फर्केर आएका व्यक्तिहरुको तथ्यांक संकलन,व्यवस्थित र अद्यावधिक गरिनेछ।

५. पुनः श्रम स्वीकृति सहजीकरण गर्ने कार्यलाई थप व्यवस्थित गरिनेछ।

६. हाल श्रमसंसार पोर्टलबाट भइरहेको सेवा प्रवाहबारे जानकारी दिन सामाजिक संजालको उपयोग गर्दै रोजगार दिने तथा खोज्ने,तालिम दिने तथा लिने र सेवा दिने र लिने बीच श्रमसंसार पोर्टलको प्रचार प्रचार गरिनेछ।

## पर्यटन नीति

१. यस पालिकाका पर्यटकीय स्थलहरुको पहिचान गरि पर्यटन सूचना केन्द्रको स्थापना गरी पर्चा, पम्प्लेट एवम् होडिङ्ग बोर्डको माध्यमबाट आन्तरिक र वाह्य पर्यटकलाई यस क्षेत्रको महत्वपूर्ण पर्यटकीय स्थलको सूचना जानकारी उपलब्ध गराइनेछ साथै पालिकाबाट प्रकाशन भएको पर्यटन डायरी मार्फत प्रचार प्रसार गरिनेछ ।
२. गाउँपालिका भित्र रहेका पर्यटकीयय क्षेत्र ताल, तलैया, सिमसार क्षेत्रहरुको संरक्षण र प्रवर्द्धन गर्दै पर्यटन पुर्वाधारको विकास निर्माण अगाडि बढाइनेछ ।
३. पर्यटन प्रवर्द्धनको लागि चालु योजनाहरुलाई क्रमागत रुपमा अगाडि बढाइनेछ ।
४. चौविसे गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलको प्रवर्द्धनका लागि पार्श्वचित्र निर्माणको कार्य अगाडि बढाइनेछ ।
५. सिठुङ् ताल व्यवस्थापनका लागि संघीय सरकार र स्थानीय सरकारको संयुक्त लागत साझेदारीमा क्रमागत रुपमा निर्माण कार्यलाई अगाडी बढाइनेछ ।
६. स्थानीय मठ, मन्दिर, धार्मिक तथा ऐतिहासिक स्थलहरुको पहिचान गरी क्रमागत गरी संरक्षण र जीर्णोद्दार गरिने छ ।
७. केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय सरकारसँगको साझेदारीमा रानीताल लगायत अन्य पर्यटकीय स्थलहरुको थप व्यवस्थापनको कार्य अगाडि बढाइनेछ । ताल भित्रको जग्गाहरुलाई पुर्णरुपमा सहकारीमा आवद्ध गराइने कार्यमा थप प्रयास गर्न सहकार्य र समन्वय गरिनेछ ।
८. चौविसे पर्यटन विकासमा टेवा पुर्याउन यहाँका महत्वपूर्ण पर्यटकीय सम्पदाको भिडियो बनाई प्रचार-प्रसार गरिनेछ ।
९. स्थानीय कला सीपको विकास, संरक्षण र प्रवर्द्धन गरी सांस्कृतिक पर्यटनको महत्व थप उजागर गरिनेछ।
१०. मगर संग्राहलयलाई थप व्यवस्थित बनाइनेछ ।
११. चौविसेका सम्भावना भएका क्षेत्रको पहिचान गरी होमस्टेकको व्यवस्थापन गर्ने कार्यक्रम राखिन्छ ।

**सभाध्यक्ष महोदय**

## महिला तथा बालबालिका नीति

१. जहाँ महिला, त्यहाँ उद्यमशीलताको सक्षम पाइलाको नारा अंगिकार गरी लैंगिक हिंशा अन्त्यको सोह्र दिने अभियान संचालन गरिनेछ ।
२. **"विहेवारी : २० वर्ष पारी"** भन्ने नाराका साथ चौविसे गाउँपालिकाका किशोर किशोरीहरुको लागि समुदायमा आधारीत किशोर किशोरी विकास सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।
३. अपाङ्गता भएका व्यक्तिहरुको हकहित र अधिकारलाई सुनिश्चि गर्नको लागि अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता गरिनेछ ।
४. लक्षित बर्गलाई ध्यानमा राखी पिछ्राडिएका समुदायलाई विकासको मुलधारमा ल्याउँन क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिने छ ।

५. बालबालिकाहरुको अधिकार र हकहितको लागि बालमैत्री स्थानीय शासन घोषणा कार्यक्रम वडा वडामा संचालन गरिनेछ ।
६. जेष्ठ नागरिक, अन्तराष्ट्रिय महिला, अपाङ्ग दिवस, छवाछुत तथा विभेदमुक्त दिवस, अन्तराष्ट्रिय जातीय भेदभाव उन्मुलन दिवस, आदिवासी जनजाति दिवस जस्ता लक्षित वर्गका दिवसलाई महत्वपूर्ण कार्यक्रमको रुपमा संचालन गरिने छ ।
७. महिलाहरुको आय-आर्जन बृद्धिको लागि महिला स्वरोजगार कार्यक्रम संचालन गरिने छ ।
८. चौविसे गाउँपालिकामा बसोबास गर्ने जेष्ठनागरिकहरुलाई जेष्ठनागरिक परिचयपत्र वितरण कार्यक्रम संचालन गरिनेछ ।
९. सहकारी संस्थाहरुको व्यवस्थापन तथा सुदृढिकरण गर्नको लागि लेखाव्यवस्थापन तालिम संचालन गरिनेछ ।
१०. जेष्ठनागरिकहरुको उमेर संगसंगै स्मरण गर्ने क्षमता गुम्दै गएको हुन्छ यसैलाई मध्ये नजर गर्दै अल्जाईमर रोग सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।

**न्यायिक तथा मेलमिलाप सम्बन्धि नीति**

१. "जनताको अदालत गाउँगाउँमा, सुशासन समाज निर्माण आफ्नै ठाउँमा" भन्ने नाराका साथ नेपालको संविधान, २०७२ को धारा २१७ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ बमोजिम न्याय सम्पादन गरिनेछ ।
२. प्रत्येक वडामा न्यायिक समिति सचेतना कार्यक्रम गरिनेछ ।
३. छिटो छरितो विवाद निरुपण गर्न पक्ष विपक्ष दुवै पक्षलाई जित-जितको सुनिश्चितता गराउने उद्देश्यले मेलमिलापको पद्धति मार्फत विवाद समाधानलाई प्रभावकारी बनाउदै लगिनेछ ।
४. प्रत्येक वडामा रहेका सामुदायिक मेलमिलाप केन्द्रहरुमा अनुगमन गरी मेलमिलाप केन्द्रलाई व्यवस्थित बनाइनेछ ।
५. विवाद समाधानको लागि मेलमिलाप गराए वापत मेलमिलापकर्ताहरुलाई प्रोत्साहन भत्ता उपलब्ध तथा आवश्यक कार्यक्रमहरु गरिनेछ ।
६. कानूनी शासनको प्रवर्द्धन गर्दै सबैका लागि न्यायमा समान पहुँच र सामाजिक न्यायलाई जोड दिइनेछ।

**सभाध्यक्ष महोदय**

**सामाजिक विकास नीति**

१. लागू औषध नियन्त्रणको लागि प्रत्येक वडामा सामाजिक अभियान चलाइनेछ ।
२. संरक्षक विहिन बालबालिकाहरुको पहिचान गरी संरक्षण गरिनेछ ।
३. समाजमा घट्ने अपराधिक गतिविधी न्युनीकरण गर्न आवश्यक सचेतमुलक कार्यक्रम गरिनेछ ।

**सभाध्यक्ष महोदय**

**संघ संस्था**

१. यस गाउँपालिका क्षेत्र भित्र संचालन हुने सम्पूर्ण गैर सरकारी संस्था, संघ र प्रदेशको योजना तथा कार्यक्रमलाई पालिका सगँ अनुमति लिएर मात्र कार्यक्रम संचालन गर्नुपर्ने निति बनाइनेछ।
२. गाउँपालिका क्षेत्रभित्र कार्यक्रम संचालन गर्नु पूर्व अनिवार्य रुपमा गैरसरकारी संस्थाहरूले अनुमति लिनु पर्ने व्यवस्थालाई कानून निर्माण गरी कडाइका साथ कार्यान्वयन गरिनेछ ।
३. गैह्र सरकारी संस्थाहरूलाई कार्यक्रमको अनुमति दिँदा विकास र चेतनाको दृष्टिले पछि परेका वडा, क्षेत्रहरूमा समन्वय गरी कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ । पालिका स्तरमा जनचेतनामूलक, रोजगारमूलक, सन्देशमूलक तालिमहरू संचालन गरिनेछ।
४. तमोर पर्माकल्चर सिकाई थलो संस्था लगायत अन्य गैर सरकारी संस्थाहरु सगँ जीविकोपार्जन, जैविक विविधता तथा खानेपानी सुधार कार्यक्रम सहकार्यमा संचालन गरिनेछ ।

**खानेपानी तथा सरसफाई**

१. केन्द्र, प्रदेश सरकार र सरोकारवाला निकायहरुसँग छलफल तथा समन्वय गरी खानेपानीको समस्याको दीर्घकालीन समाधानका लागि वहुवर्षीय योजना बनाई क्रमागत वजेटको व्यवस्था गर्दै लगिनेछ ।
२. संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी चौविसे गाउँपालिकाका ठूला ताल तलैयाबाट खानेपानी थप व्यवस्थापन तथा वितरणका लागि पहल गरिनेछ ।
३. गाउँपालिका भित्र खानेपानीको चरम अभाव भएका क्षेत्रहरूको पहिचान गरी संघीय, प्रदेश सरकारसँग समन्वय गरी लिफ्टिङ्ग लगायत अन्य खानेपानी आयोजनाको काम अगाडि बढाइ सम्पन्न गर्न पहल गरिनेछ।
४. चौविसे गा.पा भरिका सञ्चालन भईरहेका पुरानो खानेपानी योजनालाई क्रमिक रुपमा मर्मत सम्भार गर्ने कार्य पुरा गरिनेछ ।

**सभाध्यक्ष महोदय**

**पूर्वाधार, सडक, आवास, ढल व्यवस्थापन तथा सिचाई नीति**

१. गत आर्थिक वर्षमा हुन नसकेका योजनालाई आगामी आर्थिक वर्षमा निरन्तरता दिइनेछ ।

२. संघ, प्रदेश र स्थानीय सरकारको लागत साझेदारीमा राजारानी, बुधुक, बोधे, हंसमोरङ त्यस्तै लाप्से, कुरुले, फलामेटार सडक र धाराचोक, अठारसय, कुरुले जोड्ने सडकलाई स्तरउन्नती तथा कालोपत्रे बनाउन पहल गरिने छ ।

३. प्राथमिकता प्राप्त सडकहरुलाई ग्राभेल तथा स्तरोन्नति गर्दै लगिनेछ साथै नयाँ तथा पुराना सडकहरुमा अनिवार्य रुपमा ढल निर्माणमा पहल गरिनेछ ।

४. चौविसे गाउँपालिका भित्रका मुख्य सडकहरुको मापदण्ड अनुसार घर, संरचना बनाउन सम्बन्धित समुदायहरूमा अनुशिक्षण लगायतको कार्यक्रम गरिनेछ ।

५. चौविसे गाउँपालिका भित्रका मुख्य सडकहरूको मापदण्ड अनुसारको सडकले चर्चेको जमिन लगत कट्टाको प्रक्रिया अगाडि बढाई जनतालाई एकिकृत सम्पत्ति करमा राहत प्रदान गरिनेछ।

६. आवश्यकता र औचित्यका आधारमा आयोजनाहरुलाई प्राथमिकता निर्धारण गरी कार्य गरिने छ ।

७. मुख्य सडकका चोक र बजारलाई थप व्यवस्थित गरिने छ ।

८. गाउँपालिका तथा मुख्य आवास/बजार क्षेत्रमा भवन निर्माण संहिता कार्यान्वयन गरिने छ ।

९. सडक निर्माण गर्दा गाउँपालिका भित्र निर्माणाधीन सडकको दिगोपनको लागि बायो_ईन्जिनियरिङ पद्धति अपनाइने छ ।

१०. ग्रामीण सडक ढल संरक्षण तथा मर्मतको लागि वडा स्तरीय संरक्षण समिति वनाई स्वयम् सेवा कार्यमा नागरिकलाई प्रेरित गर्ने नीति अवलम्वन गरिने छ ।

११. बजार क्षेत्रमा नाली तथा ढल व्यवस्थापनको लागि पहल गरिनेछ ।

१२. माग र आवश्यकताका आधारमा स_साना सिंचाई आयोजनाहरु निर्माण गरिने छ ।

१३. निर्माधिन रहेका अपुरा भवनहरुलाई निरन्तरता दिइनेछ ।

१४. चौविसे गाउँपालिकालाई खाद्यान्नमा आत्मनिर्भर बनाउन खेतियोग्य बाँझो जमिनमा सिंचाइ परियोजना संचालन गरिनेछ ।

१५. स्वीस सरकार, संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार स्थानीय जल उपभोक्ता समितिको संयुक्त लागत साझेदारीमा ८ वटा कुलोहरूको मर्मत संभार र स्तरोन्नतिको कार्य सम्पन्न गरिनेछ ।

१६. संघीय सरकारसँग समन्वय गरी फुसको छानो हटाउने कार्यक्रम निरन्तर दिइनेछ ।

१७. गाउँपालिका भित्रका ठूला ठूला योजनाहरु प्रदेश र संघीय सरकार सँग समन्वय गरी सम्पन्न गर्न पहल गरिनेछ ।

१८. टोल विकास संस्थासँग समन्वय गरी वर्षमा २ पल्ट अनिवार्य १ दिन श्रमदान गरी स्थानीय बाटो-घाटो तथा विद्युत लाइनहरुलाई व्यवस्थित गर्ने नीति अवलम्बन गरिनेछ ।

**सभाध्यक्ष महोदय**

**विद्युत तथा संचार नीति**

१. ग्रामिण क्षेत्र भित्र विद्युतिकरणका लागि नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी पोल वितरण गर्ने तथा भएका काठको पोललाई विस्थापित गरी फलामे पोल राख्ने नीतिलाई निरन्तरता दिइनेछ।
२. गाउँपालिकामा विद्युतिकरणको कार्य पुरा गर्न नेपाल विद्युत प्राधिकरणसंग आवश्यक समन्वय गरिने छ ।
३. गाउँपालिकाले गरेका विकासका गतिविधिहरुलाई जनता सामु पुर्याउनको लागि वेवसाइट, फेसबुक लगायत सोसल मिडियाको अधिकतम प्रयोग गरिनेछ ।
४. विद्युतिकरण नपुगेका वस्तीहरु तथा विपन्न वर्गलाई वैकल्पिक उर्जाको व्यवस्था मिलाइने छ।
५. स्थानीय पत्रकारहरुको क्षमता विकासका लागि कार्यक्रम संचालन गरिने छ ।
६. हाल चौविसे गाउँपालिका भित्र अत्याधिक बत्ती जाने समस्याको समाधानको लागि सम्बन्धित निकाय सगँ सहाकार्य गरी समस्याको निराकरण गरिनेछ ।

**सभाध्यक्ष महोदय**

**वन तथा वातावरण संरक्षण तथा सरसफाई नीति**

१. पूर्वाधार विकासमा वातावरण मैत्री अवधारणा लागू गरिने छ ।
२. सार्वजनिक जग्गाहरुको खोजी गरी उचित संरक्षण गरिनेछ ।
३. गाउँपालिका भित्रका मुख्य बजारहरूमा नियमित फोहोर मैला व्यवस्थापनको लागि डम्पिङ साइडको खोज गरी व्यवस्थापन गरिनेछ ।साथै प्लाष्टिकजन्य बोतलहरु संकलन गरी निर्यात गर्न व्यवस्थापनको लागि पहल गरिनेछ ।
४. घर, कार्यालय, विद्यालय, सार्वजनिक स्थलहरू सफासुघ्घर राख्न जनचेतनामूलक कार्यक्रम मार्फत् आम जनतालाई प्रोत्साहन गरिनेछ ।
५. वन संरक्षण गर्न वृक्षारोपण तथा जलवायु अनुकुलन कार्यक्रम संचालन गरिने छ ।
६. सामुदायिक वन उपभोक्ता समूहहरुलाई क्रियाशिल वनाइने छ ।
७. सामुदायिक वनको स्वामित्व क्षेत्र भित्र रहेका जग्गा अतिक्रमणलाई रोक्न सम्वन्धित निकायसंग आवश्यक समन्वय गरी पहल गरिने छ ।
८. सामुदायिक वनलाई पर्यटनसँग जोडिएर बढी भन्दा बढी आयमूलक काम गर्न अन्तरक्रिया कार्यक्रम गरिनेछ ।
९. फोहोरमैला व्यवस्थापनका लागि आवश्यक पहल कदमि गरिनेछ ।
१०. बहु सरोकारवाला निकायसँग समन्वय गरी वातावरण संरक्षण कार्यक्रम गरिनेछ ।
११. गाउँपालिका भित्र रहेका बजार क्षेत्रमा यात्रुहरुका लागि डस्वीनको व्यवस्था र विस्तार गरिनेछ।
१२. जलधार क्षेत्रलाई पहिचान गरी संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**सभाध्यक्ष महोदय**

**बिपद व्वयस्थापन नीति**

१. विपद् व्यवस्थापन कोषलाई अझ थप गर्नको लागि राष्ट्रसेवक कर्मचारी र जनप्रतिनिधीहरुको १ दिनको सुविधा कटौती गरी कोषलाई बढोत्तरी गर्ने अभियानलाई निरन्तता दिइनेछ ।
२. बाढी तथा पहिरोग्रस्त क्षेत्रहरुमा तारजाली उपलब्ध गरी नियन्त्रणमा सहयोग पुर्याइनेछ ।
३. समुदाय तथा लक्षित समूहहरुलाई जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गरिने छ ।
४. जोखिममा परेका व्यक्तिहरुलाई आवश्यकता अनुसार राहत वितरण गरिने छ ।

**सेवा प्रवाह तथा क्षमता विकास नीति**

१. स्थानीय तहबाट प्रदान गरिने दैनिक प्रशासनिक सेवाहरु चुस्त, दुरुस्त, छिटो, छरितो रुपमा मुस्कान सहितको सेवा उपलव्ध प्रदान गरिनेछ ।
२. नतिजामूलक अनुगमन तथा सुपरीवेक्षण, समिक्षात्मक सामाजिक परीक्षण, सार्बजनिक सुनुवाई, सार्बजनिक लेखा परीक्षण आदिको माध्यमबाट जवाफदेहिता, पारदर्शिता प्रवर्द्धन गरी नागरिकप्रति उत्तरदायी सरकारको वास्तविक आभास र अनुभूति जनतामा दिइनेछ ।
३. कर्मचारीलाई आबश्यक तालिम दिई अझ बढी सक्षम, योग्य र सवल बनाइनेछ ।
४. गाउँपालिकामा रहेका कार्यालयहरुबीच आपसी कार्यगत समन्वय स्थापित गरिने छ ।
५. गाउँपालिकाको मुख्य प्रशासनिक कार्यालय र वडा कार्यालयहरूमा छिटो छरितो अनलाइन सेवा प्रवाहको लागि विद्युतीय शासन प्रणालीलाई अझ प्रभावकारी बनाइने छ ।
६. गाउँपालिकामा मोवाईल एप्स मार्फत् गाउँवासीहरुलाई सहज सेवा सुविधा र सूचना प्राप्त गर्ने वातावरण निर्माण गरिने छ ।
७. विकास निर्माणको कार्यलाई चुस्त-दुरुस्त एवं दिगो बनाउन नतिजामूखी अनुगमन, मूल्यांकन तथा निरीक्षणको कार्यहरू प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।
८. गाउँपालिका भित्रका वडा कार्यालय र सेवाग्राही आम जनता बीचको दुरी घटाउन वडा एकिकृत घुम्ति सिविर तथा सम्बन्धित वडाहरुमै पुगि योजना संझौता गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
९. प्राविधक कर्मचारीहरुलाई काम प्रति थप प्रोत्साहन गर्न प्रोत्साहन भत्ताको व्यवस्था गरिने छ ।
१०. चौविसे गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई उच्च मनोवलका साथ काम गर्ने वातवरण बनाउन तलव वृद्धि गरिने छ ।
११. सेवा निवृत कर्मचारीहरुलाई अवकास प्राप्त जिवन सहजता होस भनि सामजिक सुरक्षा कोषमा आवद्ध गराउन पहल अध्ययन गरिनेछ ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुर्याउनु हुने गाउँकार्यपालिकाका सदस्यज्यूहरू, विषय क्षेत्रगत समितिका पदाधिकारीहरू, कर्मचारी साथीहरू एवं सम्पूर्ण गाउँवासी दाजुभाई तथा दिदिबहिनीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

**"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, अनुपम संस्कृति हाम्रो शान,**
**उद्यमशील, समृद्ध, सुशासित चौविसे निर्माण हाम्रो साझा अभियान ।"**

**ईति संवत २०८२ असार १० रोज ३ शुभम् ।**

**धन्यवाद**